# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन १७ गते २०४० साल (अतिरिक्ताङ्क १४

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले भंसार ऐन, २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा २१ बमोजिम नेपाल अधिराज्यमा आउने र बाहिर जाने विदेशी तथा नेपाली यात्रीहरूलाई निम्नानुसारको सामान आयात तथा निर्यात गर्दा सोमा लाग्ने भंसार महसूल तथा बिक्रीकर देहायअनुसारको शर्तको अधीनमा रही छूट दिने गरी तोकेको छ ।

१. आफ्नो साथमा ल्याएकोमा मात्र आयात इजाजतपत्र नचाहिने र पूर्ण अंशमा भंसार महसूल तथा बिक्रीकर छूट दिइने सामानहरू:–

(क) चलन चल्तीमा ल्याएका लुगाफाटाहरू, वर-बिछयौना, कसन तसन, घर गृहस्थीको पुरानो वस्तुहरू र गैह्र (तर मोटर, मोटरसाइकल, साइकल यस्तै सवारीका सामानहरू र खरखजानामा महसूल लाग्नेछ) सामान ।

(ख) चलन चल्तीमा ल्याएको फाउण्टेनपेन एक र डटपेन वा सीसाकलम सहितको सेट एक ।

(ग) चलन चल्तीमा ल्याएको घडी एक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जुनसुकै पेशामा लागेका व्यक्ति भए पनि सो सम्बन्धी कामका सामान जस्तैः–

(१) कर्मीले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएका ज्यावल बढीमा १ सेटसम्म ।

(२) डाक्टरको काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञहरूको लागि चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरू ।

(३) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (बृफकेश टाइप) एक गोटा ।

(४) गवैयाको गाना बजाना सम्बन्धी आवश्यक सामान एक ।

(५) खेलाडीको खेलको सामान जोर एक जस्तै राकेट दुई गोटा ।

(६) माछा मार्ने रड एक, जाल एक ।

(ङ) (१) चामल, चिउरा, पीठो, दाल, भटमास आदि खाद्यान्न चार किलोग्रामसम्म तर भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तीर्थस्थानमा धार्मिक कार्य पूजा आदिका लागि जाने यात्रुका हकमा चामल २० के. जी. सम्म ।

(२) तेल ५ किलोग्रामसम्म र घिउ ५ किलोग्रामसम्म ।

(३) चिया १ किलोग्राम र कफी १ किलोग्रामसम्म ।

(४) सखर, गुंड, चाकु र चिनी जम्मा १ किलोग्रामसम्म ।

(५) सुख्खा फलफूल चार किलोग्रामसम्म र ताजा फलफूल रू. ५००।– मूल्यसम्मको ।

(६) मिठाई अचारहरू रू. २००।– मूल्यसम्मको ।

(च) चमर थान १, फुरुङ ३ गोटासम्म र मुगा (शरीरमा लगाएको) १० तोलासम्म ।

(छ) औषधी रू. ५००।– मूल्यसम्मको ।

(ज) कपडा सबै प्रकारका मिटर १० सम्म वा रू. ५००।– सम्म मूल्यको

(झ) साडी ३ गोटासम्म ।

(ञ) ऊन १ पाउण्डसम्म ।

(ट) जुत्ता २ जोरसम्म ।

(ठ) टोप, टोपी, मोजा, पञ्जा, स्वेटर, तन्ना, रूमाल गोटा प्रत्येक २।२ सम्म ।

(ड) शारीरिक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेको सामानहरू ।

(ढ) तयारी लुगाहरू कुल ३ जोर (सबै प्रकारको) सम्म ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) खेलौना गोटा एक बढीमा रू. १००।– सम्म मोल पर्ने ।

(त) (१) चुरोट खिल्ली २०० र बिडी खिल्ली ५० सम्म ।

(२) टोवाको ४ औंससम्म र जर्दा ४ औंससम्म ।

(३) मदिरा १,१५० मिलीलिटरसम्मको (बिर्को खोली) ।

(थ) चलन चल्तीको पकेट मिनी क्यालकुलेटर एक ।

(द) चलन चल्तीको थर्मस एक १ गोटा ।

(ध) रेडियो वा ट्रान्जिस्टर वा टू इन वन एक ।

(न) टेपरिकर्ड १ र टेपरिल वा क्यासेट टेप थान १५ ।

(प) डिस्क रेकर्ड गोटा १० ।

(फ) पेराम्बुलेटर एक ।

(ब) ट्राइसाइकल एक ।

उपरोक्त दफा १ बमोजिमको सामानमध्ये दफा १ (क), (ख), (ग), (घ), (ङ) र (द) मा उल्लेखित चलन चल्तीका सामानहरू बाहेक अन्य सामान जम्मा मूल्य रू. २,०००।– सम्मको मात्र ल्याउन पाइनेछ ।

२. शरीरमा लगाएको सुन, चाँदीको गहना तीन तोलासम्म वा जवाहरात जडान भएको एकसरो गहना गुरिया बढीमा मूल्य रू. ८,०००।– सम्मको ।

३. पासपोर्ट लिई आउने जाने विदेशी पर्यटकहरूले माथि दफा १ मा लेखिएको (ध), (न), (प), (फ) र (ब) बाहेक) अतिरिक्त आफ्नो साथमा वा अन-एकम्पनिड गरी ल्याएका निम्न सामानहरू फिर्ता लैजाने गरी नेपालभित्र आयात गर्न सुविधा प्रदान गरिनेछ । यी बाहेक भंसार प्रमुखले औचित्य हेरी अन्य मालसामान ल्याएमा पछि फिर्ता लैजाने शर्तमा छाड्न सकिनेछ ।

(क) प्रयोग भएको बाइनोकुलर (दूरवीन) थान एक ।

(ख) प्रयोग भएको सूभी र सामान्य क्यामरा एक एक र भिडियो क्यामरा एक (डेक सहित वा रहित) ।

(ग) प्रयोग भएको पोर्टेवल ग्रामोफोन गोटा एक, रेडियोग्राम एक, रेकर्ड प्लेयर एक, ट्रान्जिष्टर एक, रेडियो एक वा टू इन वा थ्री इन वन एक ।

(घ) प्रयोग भएको टेपरिकर्ड एक र टेपरिल वा टेप क्यासेट १५ थान ।

(ङ) प्रयोग भएको डिस्क रेकर्ड गोटा दश ।

(च) पेराम्बुलेटर र ट्राइसाइकल एक ।

(छ) पोर्टेवल टाइपराइटर एक ।

(ज) पाल गोटा एक ।

(झ) स्लिपिङ्ग बेग एक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) रूक स्याक एक ।

(ट) स्टिक एक ।

(ठ) क्यामराको फिल्म १५ गोटा र मूभी फिल्म १२ रिलसम्म ।

(ड) टिन प्याक खानेकुरा रू. १,०००।– सम्मको ।

४. सिमानामा ओहोर-दोहोर गर्ने व्यक्तिहरूको लागि

सिमानामा ओहोर-दोहोर गर्ने व्यक्तिहरूलाई माथि दफा दफाहरूमा उल्लेख भएको कुनै सुविधाहरू दिइनेछैन । तर रू. २५।– सम्म मोल पर्ने निजी प्रयोगका मालसामान आफ्नो साथमा ल्याएमा भंसारले औचित्य हेरी महसूल नलिई छाड्न सक्नेछ ।

५. विदेशी वा नेपाली पर्यटकले नेपालमा उत्पादित बढीमा रू. १५,०००।– सम्मको मालसामान (नियन्त्रित र मनाही गरिएका वस्तु बाहेक) नेपाल अधिराज्य-बाहिर सौगातको रूपमा लैजान पाइनेछ । त्यसमा भंसार महसूल र बिक्रीकर लाग्नेछैन ।

६. पासपोर्ट लिई विदेशबाट (भारत बाहेक) आउने नेपाली यात्रीहरूलाई दफा १ मा लेखिएका वस्तु बाहेक देहायबमोजिमको थप सुविधा दिइनेछ । तर यस सुविधा अन्तर्गत आयात गरिने सामानहरू पनि निजी प्रयोगका लागि मात्र हुनु पर्छ । व्यापारको लागि हुनु हुँदैन । यो सुविधा एक आर्थिक वर्षमा एक पटक मात्र दिइनेछ ।

(क) (१) एक वर्षभन्दा बढी विदेशमा अध्ययन, तालीममा भाग लिई फर्केका र कुटनैतिक नियोग वा अन्तर्राष्ट्रिय संघ संस्थामा वा विदेशमा काम गरी फर्केका नेपाली नागरिकले रू. १३,०००।– सम्मको मालसामान विना इजाजतपत्र आफ्नो साथमा वा अन-एकम्पनिड गरी ल्याउन पाउनेछ । त्यस्ता मालसामानहरूमा लाग्ने महसूल मध्ये रू. ३,०००।– र बिक्रीकर रू. १,२००।– छूट दिइनेछ ।

(२) ३ महीनादेखि १ वर्षसम्म विदेशमा अध्ययन, तालीममा भाग लिई फर्केका र कुटनैतिक नियोग वा अन्तर्राष्ट्रिय संघ संस्थामा वा विदेशमा काम गरी फर्केका नेपाली नागरिकले रू. ८,०००।– सम्मको मालसामान विना इजाजतपत्र आफ्नो साथमा वा अन-एकम्पनिड गरी ल्याउन पाउनेछ । त्यस्ता मालसामानहरूमा लाग्ने महसूल मध्ये रू. २,०००।– र बिक्रीकर रू. ८००।– छूट दिइनेछ ।

(३) ३ महीनाभन्दा कम समय विदेशमा गई अध्ययन, तालीम, सेमिनारमा भाग लिई फर्केका र अन्तर्राष्ट्रिय संघ, संस्था तथा कुटनैतिक नियोगमा वा विदेशमा काम गरी फर्केका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली नागरिकले रू. ३,०००।– सम्मको मालसामान विना इजाजतपत्र आफ्नो साथमा वा अन-एकम्पनिड गरी ल्याउन पाउनेछ । त्यस्ता मालसामानहरूमा लाग्ने महसूलमध्ये रू. १,०००।- र बिक्रीकर रू. ४००।– छूट पाउनेछ ।

(ख) १६ वर्ष उमेर नपुगेका केटाकेटीलाई व्यक्ति सरहको सुविधा उपलब्ध नगराई यस्ता केटाकेटीलाई निजहरूलाई आवश्यक हुने लुगाफाटा, खेलौना, पढाइका सामान आदिमा वयस्कले पाउने सुविधाको आधा सुविधा मात्र पाउनेछ ।

७. माथि दफा २ र ६ मा उल्लेखित सामान ल्याउने यात्रुले विदेशी मुद्राको आधिकारिक स्रोत देखाउनु पर्नेछ ।

द्रष्टव्यः– "आधिकारिक स्रोत" भन्नाले नेपाली नागरिकले नेपालमा प्राप्त विदेशी मुद्राको सटही सुविधा र विदेशमा बसी आर्जन गरेको विदेशी मुद्राको आधिकारिक प्रमाण सम्झनु पर्नेछ ।

खण्ड ३१, फागुन २५ गते २०३८ साल संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धित सूचना खारेज गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३२२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।